सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

Shubham Sandesh

# शुभम सन्देश

National DAILY दैनिक

वर्ष : ५ अंक : ६ २०७९ साल, असोज ९ गते आईतबार, Sunday 25 Sep, 2022 मूल्य रु. ५/- पृष्ठ : ४

## मसानघाट जग्गा प्रकरण : उपमहानगर र मालपोत द्वारा सर्वोच्चमा पुनरावेदन

बारा, ८ असोज ।

सार्वजनकि मसानघाटको जग्गा व्यक्तिको नाममा कायम गर्ने उच्च अदालत वीरगञ्जको फैसला उपर जीतपुर सिमरा उपमहानगर र मालपोत कार्यालय सिमराले सर्वोच्च अदालतमा पुनरावेदन गरेका छन् । उच्च अदालत जनकपुर,अस्थायी ईजलाश वीरञ्गजका न्यायधीश द्वय सीताराम मण्डल र साधुराम सापकोटाको संयुक्त ईजलाशले मसानघाटको जग्गा व्यक्तिको नाममा कायम गर्ने फैसला गरेका हुन् । सो फैसलाउपर उपमहानगर,मालपोत कार्यालय समिरा र वडा नं ४ को वडा कार्यालयले सर्वोच्च अदालतमा छुट्टाछुट्टै पुनरावेदन गरेका छन् ।

मालपोतले महान्यायधविक्ता कार्यालय र उपमहानगर र वडाले कानुन व्यवसायी मार्फत सर्वोच्चमा दोह्रोर्याइ पाँउ भनी निवेदन दिएका हुन् । उच्च अदालत वीरगञ्जको उत्प्रेषण परमादेशको आदेश बदर गरी पाँउ' मालपोतले सर्वोच्चमा दिइएको निवेदनमा उल्लेख छ। सावीक प्रीपा समिरा गाविस हाल जीतपुरसिमरा उपमहानगरको वडा नं ४ मा रहेको कीत्ता न ५९ को ६ बगिाहा ८ कठ्ठा जग्गा २०७८ माघ २४ गते उच्च अदालत वीरगञ्जले व्यक्तकिो नाममा फैसला गरेको थियो । फील्डबुकमा प्रष्ट्रसँग मसानघाट भनी उल्लेख भएको जग्गा २०४७ साउन ३० गते काठमाडौ धर्मस्थली घर भएका रामचन्द्र गौतमले फर्जी कागजपत्रको साहारामा आफ्नो नाममा कायम गरेका थिए । सो जग्गा हाल समिरा स्थति ईच्छा होटलका मालिक तथा प्रोपटी म्यानेजमेन्टका सञ्चालक ईच्छाबहादुर वाग्लले प्लटङ्गि गरेर बेचबखिन गरेका छन्। गौतमले गुठी संस्थामा कही उल्लेखै नभएको ककफरदहवा' गुठी खडा गरेर जग्गा आफ्नो कायम गरेको मालपोत कार्यालय समिराले जनाएको छ ।

फर्जी कागजपत्रको साहारामा दुषति प्रकयिावाट २०४७ सालमा





गौतमको नाममा कायम भएको जग्गा २०७७ अशोज ३० गते मालपोत कार्यालय सिमराले राज्यको नाममा ल्याउने नणयि गरेको थियो । मालपोत कार्यालय सो नणयि उपर प्रोपर्टी म्यानेजमेन्टका सञ्चालक वाग्लले उच्च अदालत वीरगञ्जमा अन्तरीम आदेशको माग गर्दै रीट निवेदन दिएका थिए। वाग्लेको रीट निवेदनमा अदालतले प्राकृतीक न्यायको सिद्धान्तको हवला दीदै यसअघी मालपोतले गरेका सम्पुणर् नणयि बदर गर्दै मसानघाट भनी जनएिको फल्डिबुक समेत सच्याउन नापी कार्यालय सिमरालाई नर्दिशन दएिको थियो । अदालतको सो फैसलाको पुणर् भने फैसला गर्ने न्यायधशिको अवकाश पछी मात्रै सार्वजनकि गरिएको थियो ।

**मालपोतले सर्वोचचमा दिएको पुनरावेदनमा के छ**

जीतपुर समिरा उपमहानगर र मसानघाटको जग्गा भएको वडा नं ४ को वडा कार्यालयले भदौ ३० गते र मालपोत कार्यालय समिराले भदौ १७ गते उच्च अदालत वीरगञ्जको फैसला उपर सर्वोच्च अदालतमा दोह्रोयाई पाउ भन्दै नविदन दएिका छन्। उपमहानगर, मालपोत र वडाले मुख्यतं पहिलो पटक सार्वजनकि जग्गा कर्ति गर्ने रामचन्द्र गौतम र विवादीत जग्गा भन्ने जान्दा जान्दै सस्तो मुल्यमा किनेर प्लटङ्गि गरेर बेचबखिन गर्ने प्रोपर्टी म्यानेजमेन्टका सञ्चालक ईच्छाबहादुर वाग्लेलाई वपिक्षी बनाएर सर्वोच्च अदालतमा निवेदन दिएका हुन् ।

मालपोत कार्यालय सिमराले कित्ता नं ५९ को ६ बगिाहा ८ कठ्ठा जग्गा सार्वजनकि घोषणा गर्नुको ७ वटा आधार र कारणहरु सर्वोच्च अदालतमा प्रमाण सहति पेश गरेको छ । जसमध्ये जग्गा धनी महल खाली र कैफीयत महलमा मसानघाट उल्लेख भएको,गुठी संस्थान केन्द्रीय कार्यालयबाट गुठी जग्गा सम्वन्धमा अनुसन्धान गर्दा फरदहवा गुठी भन्ने अभीलेख कही कतै नभेटएिको, गुठी संस्थानमा ऐलानी प्रर्ता सरकारी प्रकृतीको जग्गा मात्रै गुठी अधनिस्त गुठी तैनाथी, गुठी रैतान, राज गुठी भन्ने गुठीमा उल्लेख भएका जग्गा फरक फरक प्रकृतीको जग्गा भएको गुठी रैतानी गर्दा गुठीलाई तनिुपर्ने कुतवाली, रैतानी रकम बुझाएको हुनुपर्ने सो बुझाएको अभिलेख नभएको हचुवाको भरमा गुठी उल्लेख भएको, नापजाँच गर्दा फील्डबुकमा गुठीको जग्गा भनी उल्लेख हुनुपर्नेमा नभएकोले सो जग्गा सार्वजनीक प्रकृतीको भएको भन्ने देखएिको छ ।

मालपोतले सो जग्गा यसअर्घा सार्वजनकि मसानघाट भनी घोषणा गर्नुका आधारहरुमा गुठीमा लगत नभएको, लगत कायम नभएको, २०२४ सालको जम्दिानी मालपोत असुली भएको आधार मान्ने तर गुठी संस्थान उल्लेख गुठीको लगत नहुनु, विभागयि र्निदेशनलाई वेवास्ता गरी व्यक्ती विशेषका नाममा सार्वजनकि जग्गा दर्ता गर्ने निणर्य नै दुषति प्रकारको रहेको र दुषीत प्रक्रयिाबाट व्यक्ती बिशेषको नाममा दर्ता भएकोले दर्ता बदर गरी सरकारी सार्वजनीक कायम गर्न जीतपुर समिरा उपमहानगर र स्थानिय प्रशासनको पत्र समेतको आधारमा सार्वजनीक कायम गरिएको भनी मालपोतले सर्वोच्चमा बुझाएको पत्रमा उल्लेख छ ।

साथै सो जग्गा सार्वजनीक हुनुका पछाडी रामचन्द्र गौतमले भरेको ७ नं फाँटवारी, २०२१ सालम नै मसानघाट भनी उल्लेख भएको फील्डबुक,गुठी संस्थान वीरगञ्ज गुठी तहसील तथा खर्च कार्यालयको जग्गा दर्ता गर्ने २०४३ साल भदौ १६ गतेको टीप्पणी, २०४५ अशोज १८ गतेको जग्गा मा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन मालपोत कार्यालय बारालाई पठाएको पत्र, मालपोत वीभागले २०४६ चैत ९ गते मालपोत कार्यालयलाई पठाएको पत्र, उच्च अदालत वीरगञ्जको फैसला,वडा कार्यालयको सर्जमीन मुचुल्का, २०७७ अशोज २२ गते जिल्ला प्रशासन कार्यालय बाराको

*(बाँकी तेश्रो पेजमा)*

## फुट्दा धोका भयो, अब बाबुरामजी र म मिलेर समाजवादमा पुर्याउँछौं : प्रचण्ड

काठमाडौं, ८ असोज ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी विभाजीत हुँदा नेपाल र नेपाली जनतालाई धोका भएको र अब समाजवादका लागि एउटा नयाँ खालको जनयुद्धको आवश्यकता भएको बताउनुभएको छ। काठमाडौंमा आज आयोजित एक शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै प्रचण्डले बाबुराम र आफू मिल्दा नेपालमा युगान्तकारी जनयुद्ध सफल भएको बताउँदै अब समाजवादको लागि पनि आफूहरु मिल्नै पर्ने निश्कर्षमा पुगेको बताउनुभयो । उहाँ भन्नुभयो– त्यो जनयुद्धमा डा. बाबुराम भट्टराई र आफूले फेरी मिलेर



लड्नेछौं ।

'बाबुरामजी मैले नै जनयुद्धमा जाने निर्णयको लेखाजोखा गरेका हौं । सोही अनुसार भएको १० वर्षको त्यो जनयुद्धले देशलाई ठूलो उथलपुथल गर्‍यो,' उनले भने,'अहिले फेरी समाजवादका लागि एउटा नयाँ खालको जनयुद्धको आवश्यकता छ भन्ने निष्कर्षमा पुगेका छौं ।' माओवादी विभाजनको तितो प्रयोग नेपाली

*(बाँकी तेश्रो पेजमा)*

## विहेमा ४० लाख नगद र १० तोला सुन दिएपनि कार नदिंदा बहिनीलाई मारे – दिदी सपना

कलैया – ८ असोज ।

पति, ससुरा र सासुको कुटपिटबाट मारिएकी पिंकी कुर्मीकी दिदी सपना गुप्ता भन्छिन्, 'विहेमा ४० लाख नगद र १० तोला सुन दिएकै थियौ तर पछि फेरि कार माग्न थाले , त्यहि कार दिन नसक्दा मेरी बहिनीलाइ कुटी कुटी मारे । चितवनको भरतपुर महानगरपालिका १ की पिंकीको विहे बाराको कलैया उपमहानगर १ मोतीबागका दिपेन्द्र कुर्मीसंग २०६७ मंसिर १४ मा सामाजिक परम्परा अनुसार धुमधामसंग नै भएको थियो। विहेका बेला दाइजोमा माइतीले ४० लाख नगद र १० तोला सुन पनि दियो ।

तर विहे भएको ८/१० महिना नबित्दै दिपेन्द्रले कार पनि चाहियो भन्दै पत्नि पिंकीलाइ तनाव दिन थाले। तर पिंकीले माइतीले कार दिन सक्ने हैसियत नभएको भन्दै पतिको प्रस्तावलाइ टार्दै आइन् । त्यसपछि पिंकीले जब





पहिलो सन्तानका रुपमा छोरी साँचीलाइ जन्म दिइन् त्यसपछि परिवारका सदस्यले त्यसको निहुमा झन धेरै मानसिक र शारिरिक यातना दिन शुरु गरे । एकातरि दाइजोमा कारको माग अनि अर्को तिर छोरी जन्माएको निहुमा यातना थपिदै गएपछि आजित पिंकीले घरमै एक पटक आत्महत्याको प्रयास पनि गरिन्। तर छिमेकीले बेलैमा थाहा पाएर उनको सकुशल उद्धार गरे । त्यति हुदा समेत परिवारका सदस्यबाट यातना दिने क्रम रोकिएन ।

पति, सासु र ससुराको कुटपिटबाट गम्भिर घाइते भएकी पिंकीको काठमाण्डौको मेडिसिटी अस्पतालमा उपचारमा यहि असोज २ गते मृत्यु भएको दाइ मनिष बताउछन्

*(बाँकी तेश्रो पेजमा)*

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## मधेशविरोधी भन्दै ओलीविरुद्ध जनकपुरमा कालो झण्डा देखाइयो, विभिन्न जिल्लामा विरोध

जनकपुर, ८ असोज ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई जनकपुरमा युवाहरुले कालो झण्डा देखाउँदै विरोध गरेका छन् । केपी ओली मधेशविरोधी नेता भएको भन्दै ओली चोर मधेश छोड्को नारा लगाउँदै ओलीविरुद्ध कालो झण्डा देखाइएको हो। जनकपुर विमानस्थलबाट जनकपुर( जयनगर रेल चढ्न जाने क्रममा उनलाई जसपा र एकीकृत समाजवादीका कार्यकर्ताले कालो झण्डा देखाउँदै नाराबाजी गरेका थिए । उनीहरुले ओलीले मधेशविरोधी गतिविधि गरेको र राष्ट्रपतिलाई ओलीले नै नागरिकता विधेयक पारित गर्न



नदिएर देशमा द्वन्द निम्त्याउन खोजेको आरोप लगाएका छन्। धनुषाको विदेह नगरपालिकास्थित तीनकौरियामा पार्टी प्रवेश कार्यक्रममा जान ओली रेल चढेर महिनाथपुर स्टेशनसम्म रेल चढेर पुगेका छन्। यसअघि भदौ २७ गते जनकपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा आउँदा नागरिकता विहीन युवाहरुको समूहले कालो झण्डा देखाएका थिए जनकपुर विमानस्थलबाट ओली गाडीमा अगाडि बढ्न खोजेपछि नजिकै सडकमा कालो झण्डा लिएका युवाहरुले नाराबाजी गरेका थिए । सो क्रममा युवाहरु र प्रहरीबीच सामान्य झडप समेत भएको थियो। राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगर्नुमा नेकपा एमालेको मुख्य भूमिका रहेको भन्दै मधेशका विभिन्न जिल्लामा विरोध भइरहेको छ ।

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |


# दलको विकल्प दल नै हुन्
# राज्य कोषमा रजाइँ गर्न कुनै बाँकी छैन

**झलनक प्रसाद धमला ——**

आज नेपालका राजनीतिक दलहरूबाट कतै देश बर्बाद त हुँदै छैन? भन्ने प्रश्न उठनु स्वाभाविक जस्तो देखिन्छ। फेरि अर्को कोणबाट हेर्ने हो भने आजसम्मको उपलब्धि पनि यिनै राजनीतिक दलहरूको सामूहिक प्रयत्न र बलिदानीको उपज नै त हो। अब अहिले हाम्रो देशमा क्रियाशील मुख्य दलहरूप्रति गम्भीर प्रश्न र आशंका थोपर्ने कि सुधारको लागि रचनात्मक सहयोग गर्ने? यो विषय आजको मुख्य सवाल र चुनौती बनेको छ।

अहिले एक दलले अर्को दललाई दोषारोपण गर्ने र खुइल्याउने प्रवृत्ति बढेर गएको छ। जवाफदेहिता र अपनत्व हराउँदै गएको कुरा सत्य हो। गम्भीर प्रकारका राष्ट्रिय मुद्दाहरूमा आन्तरिक रुपमा सबै दलको समर्थन रहन्छ। तर, बाहिर सस्तो लोकप्रियताको लागि जनताको मनोभावना (सेण्टिमेण्ट) खिचन उत्तेजित बनाउने काम गरिन्छ। यसको ज्वलन्त उदाहरणको रुपमा एमसिसी र नागरिकता विधेयक ताजा घटना हुन्। अहिले नेपालमा संघीयता छ। संघीयताको चरम दुरुपयोग हुने गरेको छ। यही संघीयतासँगै स्थानीय स्वायत्तता छ। हरेक स्थानीय तहमा निश्चित बजेट आउने गर्छ। त्यो बजेट मेरो आफ्नै हो भनेझैँ गरेर विभिन्रुन शीर्षकमा मनलाग्दी गरिन्छ। समाजमा अत्यावश्यकताहरूको चाङ एकातिर अनि काम अर्कै भएका पनि हुन्छन्।

आमनागरिक ढाँटिएका छन्। उनीहरूका आवश्यकता ज्यूँका त्यूँ छन्। समाजका आवश्यकता छरपष्ट छन्। स्थानीय सरकारदेखि प्रदेश र संघीय सरकारसम्म भ्रष्टाचारका आकांक्षी च्याँखे थापिरहेका हुन्छन्। त्यसैले त आज स्वतन्त्र उम्मेद्वारलाई अनुमोदन गर्न नागरिक विवश देखिन्छन्। निर्वाचनमा मैले जितेँ भने यो यो काम गर्छु भनेर घोषणापत्र तयार पार्न लगाएका हुन्छन्। यसरी चुनावमा भोट माग्ने अभ्यास गरेको पनि थुप्रै भइसक्यो। यस्तै भन्नेहरूले नै निर्वाचन जितेका हुन्छन्। खै त बोलेका र घोषणा पत्रमा लेखेका कुरा पूरा गरेको? आम नागरिकले आशा र भरोसा गर्ने ठाउँ राजनीतिक दल नै हैन र? समाजमा ज्येष्ठ नागरिक र बालबालिकाहरू मात्र देखिन्छन। खेतबारी बाँझै बस्न थाले। गाउँघरमा जन्ती, मलामी पाइनसमेत छोडिसक्यो। कोही बिरामी परेछ भने स्ट्रेचरमा काँध थाप्ने मान्छे पनि छैनन्।

आफ्नै गाउँका मानिस पर्यटकको रुपमा अक्कल झुक्कल गाउँ आउने गर्छन्। अनि चाडपर्व, संस्कार र संस्कृतिहरू सुस्ताइसके। गाउँ छोड्न ढिला भइसकेछ भनेर पछुताए जस्तो देखिनेहरूको संख्या दिनानुदिन बढ्न थालेको आभास हुन्छ। अझ कोहीले त यही विषयमा अघिल्लो पुस्तालाई समेत दोष दिने गरेको सुनिन्छ। गाउँमा सुख छैन रे, सुविधा छैन रे। तै पनि भूकम्प जस्तो दैविप्रकोप आउँदा, कोरोना महामारी जस्तो विपद आउँदा र सामान्य त दशैं तिहार जस्ता चाडपर्वहरूमा गाउँमा जन्मिएकाहरू आफ्ना छोराछोरी च्यापेर गाउँ आएको देखिन्छ।

खासगरी निर्वाचनको बेलामा चाहिँ सबैजसो मानिसहरू गाउँमा आउने गर्छन्। लामो समयसम्म गाउँ नआएकाहरू समेत भोट माग्न खटिएका देखिन्छन्। चुनावका उम्मेद्वारहरू अमेरिकातिर बस्ने अनि काठमाडौंमा घर भएकाहरू हुन्छन्। उनीहरूको भनाइ चुनावमा जसरी पनि जित्ने भन्ने हुन्छ। यदि जित्न नसके फेरि उतै फर्कने। अहिले नेपालमा संघीयता छ। संघीयताको चरम दुरुपयोग हुने गरेको छ। यही संघीयतासँगै स्थानीय स्वायत्तता छ। हरेक स्थानीय तहमा निश्चित बजेट आउने गर्छ। त्यो बजेट मेरो आफ्नै हो भनेझैँ गरेर विभिन्रुन शीर्षकमा मनलाग्दी गरिन्छ। समाजमा अत्यावश्यकताहरूको चाङ एकातिर अनि काम अर्कै भएका पनि हुन्छन्।

ती विकास आवश्यकतामा आधारित नहुन सक्छन। यदि कसैले यी कुरा उठायो भने उसलाई विकास विरोधिको बिल्ला भिराउन पनि पछि पर्दैनन्। धेरथोर समय राज्य कोषमा रजाइँ गर्न अब कुनै दल पनि बाँकी देखिँदैनन्। बाटोमा माग्न बसेका मान्छेहरू अझै मागिरहेकै छन्। उपचारको अभाव हुने दुरदराजका मानिसहरू छटपटिएकै छन्। सुरक्षित सुत्केरी हुन नपाएर कैयौं आमाहरू मृत्युको सिकार भएकै छन्।

नाबालक च्यापेर पढाउन शहर पस्नेको लर्को झन् बढेको देखिन्छ। खै केमा सुधार भयो? आज कति युवा जनशक्ति विदेशमा श्रम गरिरहेका होलान्? कति बौद्धिक जनशक्ति पलायन भएको होला? हाम्रा नेता गणले के के गर्दै होलान्? हामी नागरिक यस बारेमा जानकार नै छौं त? नेपाल मरुभूमि पनि हैन। अनि हिउँले ढाकिएको भूमि पनि हैन। न यहाँ माटोको साटो बालुवा मात्र छ न यहाँ पानी किन्नु नै पर्छ। सबैजसो खाद्य सामग्री विदेशबाट खरिद गर्नै पर्ने किन र? यकातिर नागरिक बेरोजगार छन्। अर्कोतिर देशका जग्गा जमिन बाँझै बसेका छन्। ती जग्गा निश्चित धनढ्य भनिनेहरूको मुट्ठिभर कब्जामा छन्।

व्यवहारोपयोगी शिक्षा छैन। नागरिकमा सीप छैन। सीप उपयोग गर्न लगानी छैन। लगानी गऱ्यो सुरक्षा छैन। अनि बजार व्यवस्थापन छैन। यी कुरामा सम्बन्धित सरकारले राम्रोसँग ध्यान दिने र व्यवस्थापन गरिदिने हो भने नेपालका तमाम नागरिक नेपाली माटोमै रम्थे। आफ्नो सुन्दर हरियाली भिर पाखामा रमाउँथे

*(बाँकी तेश्रो पेजमा)*

# मिलेमतोमा भ्रष्टाचार

**शिवराम न्यौपाने ——**

मुलुकमा सुशासनको मुख्य अवरोधकका रूपमा रहेको भ्रष्टाचार स्थानीय तहसम्म व्यापक भएको छ। मुलुकमा सुशासनको मुख्य अवरोधकका रूपमा रहेको भ्रष्टाचार स्थानीय तहसम्म व्यापक भएको छ। भ्रष्टाचार गर्ने, गराउने पुरानो शैली परिवर्तन भई नयाँ ढाँचा एवं शैलीमा मौलाउँदै गएको छ। विगत एक डेढ दशकयता भ्रष्टाचारजन्य कार्यहरू मूलतः मिलेमतोमा बिचौलियाहरूको सहयोगमा प्रत्यक्ष रूपमा नदेखिने गरी संस्थागत हुँदै गएको छ। सार्वजनिक पदमा रहने व्यक्ति, ठेकेदार, सरोकारवालाहरू, उपभोक्ता समिति, बिचौलियाहरूसमेतको सहकार्यका कारण भ्रष्टाचार गर्ने, गराउने कार्य संस्थागत हुँदै गएको हो।

भ्रष्टाचारजन्य कार्यका विरुद्धमा सम्बन्धित निकायका प्रशासनिक एवं राजनीतिक नेतृत्व सजग र अग्रसर नहुँदा स्थानीय तहसम्म भ्रष्टाचार गाँजिँदै गएको महसुस गरिएको छ। हाल विकास निर्माणको बजेटको ठूलो अंश स्थानीय तहमा जाने गरेको र मूलतः सडक निर्माणमा बढी उपयोग हुने गरेको छ। स्थानीय विकासको कार्यमा स्थानीय आवश्यकता, प्राथमिकता, औचित्य र मितव्ययितालाई महत्त्व नदिई आएको बजेट खर्च गरेर सक्नुपर्ने मानसिकताले प्रभाव पारेको छ। यसरी गरिने खर्चमा आफ्ना भनिने गरेका व्यक्ति वा समूहलाई कार्यको जिम्मेवारी दिने प्रवृत्ति भएका कारण भ्रष्टाचारजन्य कार्य संस्थागत हुँदै गएको छ। यसबाट स्थानीय विकासका लागि गएको विकास बजेटको अंश कमिसनका माध्यमबाट व्यक्तिको हातमा पुग्न सहज भएको छ।

मुलुकमा संघीय शासन पद्धति कार्यान्वयन भएपश्चात् स्थानीय विकासका लागि जनताका महत्त्वाकांक्षा स्वाभाविक रूपमा बढेको छ। सार्वजनिक पदाधिकारीहरूको सोच, कार्य संस्कार एवं प्रवृत्तिमा सुधार हुने अपेक्षा पनि रहेको छ। राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, ठेकेदार, अन्य पेसागत व्यक्ति वा समूहबाट स्वच्छ आचरण, जिम्मेवारी र वित्तीय अनुशासनको अपेक्षा पनि गरिएको हो। तर, डेढ दशकभन्दा लामो शासन पद्धतिले शासन प्रक्रियामा रहेका जिम्मेवार पदाधिकारीको आचरण र व्यवहारमा सुधारको महसुस हुन सकेन। स्थानीय विकासका लागि आएको बजेट विकासको आवश्यकता र प्राथमिकताको सिद्धान्तविपरीत खर्च गर्ने प्रवृत्ति झनै बढेको छ।

निहित स्वार्थले प्रेरित हुँदा दलगत अस्वस्थ प्रतिस्पर्धा एवं गुटगत प्रवृत्ति बढी विकास बजेटको दुरुपयोग अझ बढ्दै गएको महसुस भएको छ। विकास निर्माणका लागि आएको बजेटको उपयोग गर्दा अनुसरण गर्नुपर्ने कानुनी प्रक्रिया छल्ने, कमिसनको पूर्व योजनासहित आयोजनाको अस्वाभाविक खर्च अनुमान गर्ने, क्षमता नभएका व्यक्ति वा समूहलाई आयोजनाको जिम्मा दिनेजस्ता विकृति बढ्दै गएका छन्। स्थानीय तहको राजनीतिक नेतृत्वको गलत प्रवृत्तिका कारण कर्मचारीतन्त्रसमेत वित्तीय अनुशासनमा कमजोर देखिएका छन्। यसवाट स्थानीय तहको विकास भ्रष्टाचारको जालोमा क्रमशः जकडिँदै गएको स्पष्ट अनुमान गर्न सकिन्छ।

स्थानीय सरकारलाई आधारभूत स्वास्थ्य, शिक्षा, स्थानीय स्तरका विकास आयोजना, स्थानीय सडक, ग्रामीण सडकजस्ता पूर्वाधार विकासको जिम्मेवारी दिइएको छ। साथै स्थानीय बजार, कृषि उत्पादनलगायत स्थानीय सेवा व्यवस्थापनसमेतका महत्त्वपूर्ण एकल अधिकारको सुनिश्चितता गरिएको छ। यस्ता कार्य सम्पादनका लागि संघ तथा प्रदेश तहबाट समेत विभिन्न आर्थिक स्रोतको उपलब्धता भएको छ। विकासका लागि आवश्यक साधन, स्रोत र अधिकारले अत्यधिक स्वायत्त भएको स्थानीय तहका जिम्मेवार राजनीतिक वा प्रशासनिक पदाधिकारीहरू विकासप्रति संवेदनशील हुन सकेका छैनन्। उपभोक्ता समिति एवं ठेकेदारहरूवाट स्रोत उपयोगमा वित्तीय अनुशासनको पालना हुन सकेको छैन।

आफ्ना व्यक्ति समूहलाई अनुचित लाभ हुने गरी विकास बजेट बाँडफाँट गर्ने, निहित स्वार्थलाई केन्द्रमा राखी आयोजनाको जिम्मा दिने, अनियमित कार्यको संरक्षण एवं ढाकछोप गर्ने प्रवृत्ति कायमै छ। विकास निर्माणको कामसँग सम्बन्धित सिफारिस बनाइदिएबापत अतिरिक्त रकम लिने, निर्धारित गुणस्तर नभएका आयोजनामा गुणस्तर कायम भएको भनी जाँचपास फरफारक गरिदिने र सोबापत रकम लिने प्रवृत्ति घट्न सकेको छैन। नक्कली भरपाई र किर्ते सहीछाप बनाई नभएको कामको रकम भुक्तानी लिने दिने कार्यहरू हुने गरेका गुनासा छन्। साथै पेस्की रकम लामो समयसम्म फर्स्योट नगर्ने, अवकाश वा सरुवा हुँदा यस्ता कागजात एवं प्रमाण नबुझाउने, विनियोजन बजेटभन्दा बढी खर्च गर्ने गराउनेजस्ता कार्यहरूका कारण विकास बजेटको दुरुपयोग बढेको छ।

राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, उपभोक्ता समितिको मिलेमतोमा यस्ता अनियमित कार्यहरू संस्थागत हुँदै गएका हुन्। यसको नियन्त्रणका लागि स्थानीय सरकारका प्रमुख, राजनीतिक दलका स्थानीय जिम्मेवार पदाधिकारी, सञ्चारकर्मी, उपभोक्ता समिति वा सरोकारवाला र सामाजिक संघसंस्थाहरूले स्थानीय विकास कार्यको चासो र निगरानी गर्नु जरुरी भएको छ। सार्वजनिक सेवा जनताको घरदैलो नजिकवाट दिने उद्देश्यसहित स्थानीय तहलाई पर्याप्त अधिकार एवं स्रोतसाधन उपलब्ध गराइएको तथ्य सर्वस्वीकार्य छ। जनतासँग निकट सम्पर्कमा रही आवश्यकता र औचित्यका आधारमा विकास निर्माणलगायतका दैनिक सेवा प्रवाहमा स्थानीय निकाय सक्षम भइरहनुपर्नेमा पनि द्विविधा छैन।

यस सन्दर्भमा जनताको अपेक्षाअनुरूप गुणस्तरीय सेवा प्रवाह गर्ने साथै विवादरहित विकास निर्माणको कार्यको संस्कार विकास गर्नु अपरिहार्य भएको छ। यसमा स्थानीय तहका सबै कार्यकारिणी प्रमुखहरूको मुख्य जिम्मेवारी रहेको हुन्छ। मूलतः पूर्वाधार विकासलगायतका सार्वजनिक खरिद गर्दा आयोजनाको खुद लागतभन्दा उच्च मूल्यांकन गरी इस्टिमेट गर्ने, गराउने गलत संस्कार छ। यस्तै ठूला आयोजनाहरूलाई कानुनबमोजिम गर्नुपर्ने टेन्डर नगरी आयोजना टुक्र्याएर आफ्ना विश्वासिला व्यक्तिलाई जिम्मा दिने कार्य तुरुन्त नियन्त्रण गर्नु आवश्यक भएको छ।

स्थानीय तहका जिम्मेवार राजनीतिक एवं प्रशासनिक पदाधिकारी साथै आयोजनाको जिम्मा पाएको ठेकेदारलगायत उपभोक्ता समितिका पदाधिकारीहरूसमेतको मिलेमतो हुने गरेको अनियमित कार्यको निगरानी बढाउनु पर्दछ। भ्रष्टाचार निवारण ऐनले कमिसनको रकमलाई भ्रष्टाचारको कसुर मानेको छ। यस्ता कसुरमा सजायसमेत तोकिएको छ। स्थानीय विकास आयोजनाहरू सञ्चालन गर्ने गराउने कार्यमा कमिसनले प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। आयोजना सञ्चालनको प्रारम्भदेखि अन्त्यसम्मका आर्थिक कारोबारमा कमिसनको रकम छुट्ट्याई लेनदेन गर्ने कार्य हुने गरेको छ। यसविरुद्ध आवाज उठाउने वा कारबाही गर्ने संस्कार विकास हुन सकेको छैन।

मूलतः यसमा अप्रत्यक्ष रूपमा राजनीतिक नेतृत्व र प्रत्यक्ष रूपमा आयोजना प्रमुख, ठेकेदार, उपभोक्ता समितिसमेतको मिलेमतो बलियो आधारका रूपमा छ। मिलेमतोबाट स्थानीय विकासमा गएको बजेटका ठूलो रकम कमिसनमार्फत व्यक्तिको घरमा पुऱ्याउने गलत संस्कार नियन्त्रण गर्न जरुरी छ। कमिसनविरुद्धको कार्यलाई सशक्त गराउन सम्बन्धित तालुक निकाय, भ्रष्टाचारविरुद्धको कार्य जिम्मेवारीमा रहेका निकाय, नागरिक समाज, कार्यकारिणीको विपक्षीमा रहेका जनप्रतिनिधि, संसदीय समितिका पदाधिकारी, स्थानीय सञ्चार माध्यमहरूको सचेतना एवं कार्य अग्रसरता आवश्यक देखिन्छ।

स्थानीय तहमा उपलब्ध विकास बजेटको अधिकांश रकम स्थानीय पूर्वाधार विकास वाटो, पुल, पर्खाल निर्माणजस्ता क्षेत्रमा उपयोग हुने गरेको छ। यस्ता क्षेत्रको बजेटको उचित उपयोगका लागि स्थानीय सरकार प्रमुख, ठेकेदार, सरोकारवाला र प्राविधिक कर्मचारीहरूको इमान्दारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। ठूला आयोजनामा पदस्थापना हुन कर्मचारीहरूको दौडधुप, राम्रा आयोजना पाउन ठेकेदारहरूको राजनीतिक दलसँगको लेनदेनको प्रवृति बढ्दै गएको छ। भ्रष्टाचारलाई न्यूनीकरण गर्ने उद्देश्यले ल्याइएको विकास कार्यमा उपभोक्ता समितिको अवधारणा असफल देखिएको छ।

आयोजना कार्यान्वयनको जिम्मा लिई कमिसन पाउने आशामा रहेका उपभोक्ता समितिका पदाधिकारीको गलत सोच र व्यवहारका कारण भ्रष्टाचार संस्थागत रूपमा गाँजिँदै गएको छ। यस्ता कार्यका विरुद्धमा सार्वजनिक पदमा रहेका राजनीतिक नेतृत्व साथै स्थानीय तहका अन्य राजनीतिक जिम्मेवार पदाधिकारी मौन बस्ने गरेका कारण राज्यका जिम्मेवार संयन्त्रको मिलेमतोमा भ्रष्टाचार गर्ने गराउने कार्य फस्टाउँदै गएको महसुस गर्न सकिन्छ। यस सन्दर्भमा स्थानीय तहको विकास निर्माणको कार्य क्षेत्रलाई भ्रष्टाचारको जोखिमयुक्त क्षेत्रमा उल्लेख गरिनु आवश्यक छ। यस्ता जोखिमयुक्त क्षेत्रहरूमा भ्रष्टाचारजन्य कार्यहरू नियमित रूपमा हुन सक्ने भएकाले मूलतः सम्बन्धित निकाय, विषयगत संसदीय समितिहरू, नागरिक समाज एवं सञ्चारकर्मी, सरोकारवालाहरूको निगरानी बढ्नु पर्छ। यस्ता कार्यको निगरानीको मुख्य जिम्मेवारी भएका सार्वजनिक खरिद अनुगमन कार्यालय एवं राष्ट्रिय सतर्कता केन्द्रसमेतको स्थानीय तहसम्म संगठन संरचना खडा गरी अनुगमन साथै आवश्यकताअनुसार कारबाहीको कार्य बढाउन आवश्यक भएको छ।

स्थानीय तहको पूर्वाधार विकास एवं समग्र सार्वजनिक खरिद कार्यमा अपेक्षित रूपमा वित्तीय अनुशासन कायम हुन सकेको छैन। यस सन्दर्भमा प्रदेश सरकारका साथै स्थानीय सरकार प्रमुखहरूसमेत होसियार र जिम्मेवार हुनु आवश्यक भएको छ। स्थानीय विकास कार्यमा मूलतः कानुनद्वारा निर्धारित सर्त एवं मापदण्डविपरीत काम गराई वा कामै नगराई झुटा बिल भरपाई बनाई भुक्तानी दिने, आर्थिक वर्षको अन्त्यमा बाँकी भएको बजेट जेजस्तो अवस्थामा भए पनि खर्च गरेर सक्ने उद्देश्य लिई काम गर्ने प्रवृत्ति अझै कायमै छ। बजेट उपलब्ध गराउने अर्थ मन्त्रालयलगायतका निकायहरूले खर्चलाई नै मुख्य प्रगति मान्ने प्रवृत्तिका कारण पनि अनियमित खर्च गर्ने गराउने कार्यले प्रोत्साहन पाएको छ

*(बाँकी तेश्रो पेजमा)*

# कक्षाकोठा भन्दा खेतबारीमा धेरै भेटिन्छन् विद्यार्थी

कुश्मा, ८ असोज।

पर्वतको फलेवास नगरपालिका-४ स्थित मुडिकुवाको एक विद्यालयमा प्राविधिक धारअन्तर्गत बालीविज्ञान विषय अध्ययन गर्ने विद्यार्थीको आकर्षण बढेको छ। माटेदेवल जनसहयोगी प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयमा व्यावसायिक कृषितर्फउन्मुख क्षेत्रमा बाली विज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थीको यस विषयमा रुची देखिएको छ। विद्यालयले कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई कृषिमा आधारित शिक्षा प्रदान गर्दै आएको छ। शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त यस विद्यालयका विद्यार्थीले पढाइ सँगसँगै आम्दानी पनि गर्दै आएका छन्। विद्यालयले २० रोपनी जग्गा भाडामा लिएर विद्यार्थीलाई व्यावहारिक शिक्षा दिँदै आएको छ। विद्यार्थीले बारीमा लगाएका कृषिउपज स्थानीय बजारमै



खपत हुने गरेका छन्। बिक्रीबाट आएको नाफा ७५ प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने र २५ प्रतिशत चाहिँ विद्यालयले राख्ने गरेको छ। 'हामीले विद्यालयबाट विद्यार्थीलाई आवश्यक पर्ने कृषि औजारदेखि बीउबिजन सबै उपलब्ध गराउँछौं', शिक्षक अजय ज्ञवालीले भने, 'विद्यार्थीले खेती उब्जाउबाट बिक्री गरेको रकमको २५ प्रतिशत हामी राख्छौं, किनभने फेरि अर्को पटक पनि लगानी गर्नुपर्ने हुन्छ।' विद्यार्थीहरुको धेरै समय कक्षाकोठामा भन्दा खेतबारीमै बित्ने गरेको छ। उनीहरुले विद्यालयमा अध्ययन गरेका कुरा घरमा गएर अभिभावकलाई

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# संगठन बिस्तारको साथै लक्ष्य समाजवाद तर्फ उन्मुख हुनुपर्ने - समाजवादी केन्द्रिय सचीव चौधरी



कलैया असोज ८ ।

नेकपा एकीकृत समाजवादिका केन्द्रिय सचीव नागेन्द्र चौधरीले पार्टी निकट रहेको भातृ संगठनको बिस्तारको साथै लक्ष्य समाजवाद तर्फ उन्मुख हुनुपर्ने बताउनु भएको छ । मुस्लिम इतेहाद संगठन नेपाल बाराको बृहत् जिल्ला भेलालाई प्रमुख अतिथिको आसन बाट सभालाइ सम्बोधन गर्दै चौधरीले समाजवादको लक्ष्य प्राप्तिको लागि सबैले आ आफ्नो ठाउँ बाट सहयोग गर्नुपर्नेमा जोड दिनु भएको थियो। नेकपा एमालेको अध्यक्ष केपी ओलिको तानाशाह हैकमवादी शैलीलाई तोडदै पार्टी बिभाजन गरि एकीकृत समाजवादी पार्टिको गठन गर्नु भएको बताउनु भयो। पुर्व प्रधानमन्त्री माधव नेपालले गरेको शाहसी कदमलाई सबैले स्वागत गरि अब पार्टिलाई समाजवाद तर्फ उन्मुख गरिएको बताउनु भयो । सोही कार्यक्रममा बोल्दै पुर्व श्रममन्त्री किसान श्रेष्ठले मुस्लिम इतेहाद संगठन नेपालको हक अधिकारको लागि पार्टिले सक्दो सहयोग गर्दै आएको बताउनु भयो। मुस्लिम जातिको समृधी तथा हामी बिचको भाईचाराको सम्बन्ध प्रगाढ रहने प्रतिबद्धता जाहेर गर्नु भएको थियो । समाजवादीको केन्द्रिय सद्स्य समेत रहेका श्रेष्ठले आफू पांच दलिय गठबन्धन बाट क्षेत्र नम्बर ४ बाट प्रतिनिधि सभाको लागि चुनावी तयारीमा रहेको बताउनु भयो ।

मुस्लिम ईतेहाद संग, नेपालको बृहत् जिल्ला भेलालाई सम्बोधन गर्न पुर्व प्रधानमन्त्री माधव नेपाल आउने कार्यक्रम निर्धारण भएपनि पाँच दलिय गठबन्धनको एक्कासि काठमाडौंमा बैठकमा जानुपर्ने भएको कारण नेपाल रौतहटको बौधिमाईमा आयोजित कार्यक्रममा सहभागी भैइ काठमाडौ प्रस्थान गर्नु भएको थियो। मुस्लिम इतेहाद संगठन नेपाल बाराको अध्यक्ष फुलमहमद मिंयाको अध्यक्षतामा भएको कार्यक्रममा समाजवादिका जिल्ला अध्यक्ष सुन्दर बिश्वकर्मा ,बारा सह ईन्चार्ज श्रीप्रसाद पासवान , संबिधान सभा सद्स्य बिभा कार्की ,केन्द्रिय सद्स्य चमिना भट्टराई , इतेहाद संगठन नेपालको केन्द्रिय अध्यक्ष ताज मिया अंसारी , महासचिव उस्मान अंसारी ,मधेस प्रदेश अध्यक्ष मोहमद कलिमुल्लाह ,केन्द्रिय सचीव गुलाम सरबर लगायतले शुभकामना मन्तव्य ब्यक्त गर्नु भएको थियो। जिल्ला बृहत् भेलामा मुस्लिम धर्मावलम्बी लगायत नेता कार्यकर्ताको सहभागिता रहेको थियो। कार्यक्रमको संचालन जावेद अंसारिले गर्नु भएको थियो।

# नारायणी यातायात (सवारी शाखा) मा बिचौलिया हावि

## कर्मचारीहरुले पैसाको लागि नै गर्छन् बिचौलिया परिचालन

वीरगन्ज, ८ असोज ।

वीरगन्जमा रहेको नारायणी यातायात कार्यालय (सवारी शाखा) मा अहिले बिचौलीयाहरुको विगाविगी बढेको छ । कार्यालयका कर्मचारीहरु कै मिलोमतोमा सवारी शाखा बिचौलीयाहरुको अड्डामा परिणत हुँदैछ। उक्त कार्यालयमा अहिले साना देखि ठुला सवारी सम्म लगायत ट्रेक्टर नवीकरण शाखामा बिचौलीहरु हावी हुँदै गएपनि सम्बन्धित निकाय मात्र आर्थिक चलखेलमा मस्त हुने स्रोतले जनाएको छ ।



यस कार्यालयमा बिचौलियाहरु कै माध्यमले नवीकरण, नामसारी, जाचपास, दर्ता लगायत लगतकट्टा हुने गरेको एकजना कर्मचारीले बताए । उनका अनुसार कार्यालयमा काम गर्न आउने सेवाग्राहीहरू बिचौलियाहरु कै मारमा पर्दै आएका छन् । एक सेवाग्राहीका अनुसार आफ्नो सवारी लगत कट्टा गराउन आउँदा बिगत तिन दिन देखि कार्यालय धाई रहेपनि लगत कट्टा हुन् नसके पछि बाध्य भइ बिचौलीयाको माध्यमले पन्ध हजार तिरी एकदिन भित्रै लगत कट्टा गराउन सफल भएको उनले बताए ।

उनका अनुसार आफुले लगत कट्टा गराउन खोज्दा प्राबिधिकका कर्मचारी नितेश्वर यादव तथा प्रमोद यादव समेत केहि सुनवाई नै नगरेको दुखेसो ब्यक्त गरे । सेवाग्राही अनुसार कर्मचारी यादवलाई पटक-पटक आफ्नो दुख सुनाउँदा पनि केहि सुनवाई नै नगरी बाहिर निकालेको उनले दुख पोखेका हुन् । सेवाग्राहीहरू आफ्नो गाडी लगत कट्टा गर्न खोज्दा सो काम आफुसँग गर्दा कर्मचारीहरु बिभिन्न किसिमको समस्या उत्पन गरि नगर्न खोज्दा बाध्य भइ बिचौलीयाहरुको माध्यमबाट हुने गरेको नाम नबताउने सर्तमा सेवाग्राहीले बताए। यस्तो घटना पटक-पटक देखा परेको हुँदा पनि सम्बन्धित निकाय कुनै किसिमको चासो देखाए छैन । नारायणी यातायात कार्यालयमा नहुने कम बिचौलीयहरुको मधयमले सजिलै नै हुने गरेको छ ।

# डेंगुका कारण मृत्यु हुनेको संख्या २९ पुग्यो

काठमाण्डौ, ८ असोज ।

देशभर फैलिएको डेंगुका कारण मृत्यु हुनेको संख्या २९ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ७६ जिल्लामा डेंगु फैलिएको र हालसम्म २२ हजार ९८८ जनालाई डेंगु भएको छ। नेपालमा पहिलो पटक २०६१ मा डेंगुका बिरामी भेटिएको थियो । त्यसयता हरेक वर्ष बढ्दो क्रममा रहेको डेंगुले यो वर्ष महामारीकै रुप लिएको छ। मन्त्रालयका अनुसार सबभन्दा धेरै बागमती प्रदेशमा १७ हजार ७३१ जनालाई डेंगु भएको छ । लुम्बिनी प्रदेशका २ हजार ८२१ जना, सुदूरपश्चिम प्रदेशका ७७७, प्रदेश १ का ५९१, गण्डकीका ५१५, मधेश प्रदेशका ३२३ र कर्णाली प्रदेशका २३० जनालाई डेंगु भएको छ। भक्तपुर, ललितपुर लगायतका सबभन्दा धेरै संक्रमण फैलिएको जिल्लामा खोज र नष्ट गर अभियान चलाइएको मन्त्रालयले जनाएको छ। (साभार-अनलाइनखबर)






## सिम्रौनगढ नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

## प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

## पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा